**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री श्री वासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २४८**

**पुनरावेदन नं. ०७५-RB-००९१**

**मुद्दाः– आयकर (२०७०/०७१)।**

| | |
|---|---|
| कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ६ स्थित रत्न देवी ट्रेड लिंक (स्थायी लेखा नं. ३०२८४९१५६) को प्रोप्राइटर जिल्ला कास्की पोखरा लेखनाथ महानगरपालिका वडा नं.६ बस्ने सुन्दर कुमार श्रेष्ठ......................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ.......................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री गंगाराम गेलाल

शुरु निर्णय मितिः- २०७४।११।१५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७५।०४।२४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री तारादेव जोशी र श्री भरत कुमार लकाई

प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।११।१५ मा भएको निर्णय र सो निर्णयमा केही उल्टी गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५।०४।२४ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत करदाताको तर्फबाट यो पुनरावेदन दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री रत्न देवी ट्रेड लिंकको आर्थिक वर्ष २०७०/०७१ को कारोवारको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.३९,३६,०६१।६३ कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।३० मा आय विवरण पेश गरेको ।

२. करदाताबाट पेश हुन आएको आय विवरणसाथ संलग्न कागजात तथा फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन परीक्षण गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतलाई मुख्य आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको आ.ब. २०७०/०७१ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नूपर्ने रकम आयमा समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च दावी गरेको देखिँदा सोही ऐनको दफा १०१(१) बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७४।१०।२१ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।१०।२१ मा जारी भएको सूचना करदाताले मिति २०७४।१०।२९ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७४।११।१४ मा पेश गरेको ।

४. करदाता रत्न देवी ट्रेड लिंकको आ.व. २०७०/०७१ का लागि रू.२,९१,२५,५६५।५२ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।११।१५ मा जारी भएको संशोधित कर निर्धारण आदेशको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।११।१७ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी

करदाता रत्न देवी ट्रेड लिंकले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०२।११ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकले वित्तीय विवरणको अनुसूचीमा दायित्व रकम उल्लेख गरी कार्यालयमा आय विवरण पेश गरेको र वासलातमा सो बमोजिम दायित्वको लेखांकन नभएको अवस्थामा आय विवरण तथा वित्तीय विवरण जानाजानी वा लापरवाही गरेको कारणले झुठ्ठा वा भ्रमपूर्ण हुन गएको भनी ठहर गर्न सक्ने अवस्था नदेखिएको तथा निवेदकले वित्तीय विवरण बमोजिमको दायित्व रकम सोही विवरणको वासलातमा लेखांकन गर्न छुटाएको देखिएको हुँदा उक्त विषयमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क निर्धारण गरी कार्यालयबाट पुनः संशोधित कर निर्धारण हुनुपर्ने ठहर्छ भन्नेसमेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०४।२४ मा भएको निर्णय।

७. करदाताले नेपाल बैंक लि. बाट उपलब्ध ऋण रकम मध्ये २०७१ आषाढ मसान्त सम्म रु.२,५०,००,०००/- बाँकी रहेको र उक्त ऋण सम्बन्धमा नेपाल बैंक लि. बाट प्राप्त Balance Conformation जवाफ साथ पनि पेश गरिएको उक्त ऋण दायित्व कायम नै रहेको हुनाले निसर्ग नभएको, कुल ऋण उपभोग गरेको मध्ये वर्षान्त सम्म फर्मले प्रयोग गरेको ऋण दायित्व मात्र वासलातमा देखिएको र फर्मको नाममा लिएको ऋणमध्ये फर्मले प्रयोग नगरेको र प्रोपाइटरले आफ्नो अन्य प्रयोजनको लागि प्रयोग गरेको ऋणमध्ये वर्षान्तमा बैंकमा बाँकी रहेको रकम वित्तिय विवरणको अनुसूची १४ मा खुलस्त नै पारेकोमा सो अनुसूची १४ upload गर्न छुट हुन गएकोमा मिति २०७४।११।१४ द.नं. ६४५८ को पत्रबाट विपक्षी कार्यालयमा दर्ता गरी उक्त अनुसूचीको वित्तिय विवरणमा समावेश गरी दिन निवेदन पेश गरेकोछ। सो अनुसूचीमा फरक रकम प्रोपाइटर आफैले अन्य प्रयोजनको लागि प्रयोग गर्न लगेको र उक्त ऋण रकम खातामा नै डेबिट गरिएकोले वासलातमा कम प्रस्तुत भएको हो। वासलातमा देखिएको ऋण रकम अनुसूची-८ मा उल्लेख भएको ऋण बरावर नै रहेकोछ। रु.२,५०,००,०००।०० बराबरको दायित्वको फछ्र्यौट, रद्द, मुक्त, समापन वा अर्को दायित्वमा वा सम्पत्तिमा गाभिएको छैन। शुरु कार्यालयले संसोधित कर निर्धारण आदेश गर्दा अल्पकालिन ऋण दायित्व मध्ये रु.२,५०,००,०००/- वासलातमा कमी देखाएको हुँदा सोहि वरावरको दायित्व निसर्ग गरेको ठहर्ने हुन्छ भनि आयकर ऐन २०५८ को दफा ४०(२) बमोजिम निसर्ग ठहर गरी दफा ७(२)(ग) बमोजिम निसर्गबाट प्राप्त आयलाई थप कर योग्य आयमा समावेस गरेको एवं यस फर्मले दिएको कुनै पनि विवरणहरु भूलवस झूठा वा भ्रमपूर्ण नभएकोले दफा ११७(१), ११८, ११९, ११९क र १२०(क) बमोजिम लगाएको शुल्क ब्याज समेत नलाग्ने हुँदा विपक्षी कार्यालयवाट भएको संशोधित कर निर्धारण आदेश त्रुटिपुर्ण रहेकोले वदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५/०६/२३ मा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।१०।२१ मा भएको आदेश।

९. यसमा करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) (क) बमोजिम विवादित कर रकम रु.२,२९,९८,७३३७।- को पचास प्रतिशतले हुने रकम धरौटी राख्नु पर्नेमा मिसिल सलग्न प्रमाणबाट राखेको नदेखिँदा यो आदेश भएको १५ दिनभित्र धरौटी दाखिल गर्न लगाई लगाउका मुद्दाहरु समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/१३ मा भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता रत्न देवी ट्रेड लिंकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री तारादेव जोशी र श्री भरत कुमार लकाईले करदाताको आ.ब. २०७०/०७१ को आयकरका सम्बन्धमा सुरु ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश तथा सो आदेश केही उल्टी गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत नभएको हुँदा बदर गरी करदाताको आय विवरण बमोजिमको कर कायम होस भनी गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री सगिता थोकरले पुनरावेदक करदाताको हकमा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनि गर्नुभएको बहस समेत सुनियो।

१२. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०४।२४ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. अव पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, २०७१ साल आषाढ मसान्तसम्म ऋण रकम रु.२,५०,००,०००।- नि:सर्ग भएको भनी उक्त ऋण दायित्वलाई अमान्य गरी र करदातालाई अनावश्यक कर, व्याज र शुल्कको दायित्व

बोकाउने गरी भएको निर्णय गैरकानूनी रहेकोले बदर हुनुपर्ने भन्ने रहेको देखिन्छ। करदाताबाट पेश भएको वित्तीय विवरणको वासलातमा अल्पकालिन ऋण भनी जम्मा रु.४,१३,९१,९२०।०३ रहेको र फर्मका प्रोपाइटरले लगेको रकम रु.२,५०,००,०००।- समेत जम्मा कुल ऋण रु.६,६३,९१,९२०।०३ रहेको भनी उल्लेख भएको देखिन्छ। करदाताले आ.व. २०७०/०७१ को आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय रू.३९,३६,०६१।६३ कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७१।०९।३० मा आय विवरण पेश गरेको देखिन्छ भने ठुला करदाता कार्यालयले रु.२,५०,००,०००।- अल्पकालिन ऋण दायित्व वासलातमा कमी देखाएको हुँदा त्यसलाई दायित्व निसर्ग गरेको ठहर गरी रू.२,९१,२५,५६५।५२ करयोग्य आय कायम नगर्ने भनी करदातालाई आयकर ऐन,२०५८ को दफा १०१ (६) बमोजिम मिति २०७४।१०।२१ मा सुचना दिएको पाइयो। फर्मको नाममा लिएको ऋणमध्ये फर्मले प्रयोग नगरेको र प्रोपाइटरले आफ्नो अन्य प्रयोजनको लागि प्रयोग गरेको ऋणमध्ये वर्षको अन्तमा बैंकमा बाँकी रहेको रकमको सम्बन्धमा करदाताले पेश गरेको वित्तीय विवरणको अनुसूची १४ मा खुलाएकोमा सो अनुसूची-१४ upload गर्न छुट हुन गएकोले मिति २०७४।११।१४ द.नं. ६४५८ मा ठुला करदाता कार्यालयमा निवेदन दर्ता गरी उक्त अनुसूचीको वित्तीय विवरण समेत समावेश गरी पाउन निवेदन पेश गरेको मिसिलबाट देखियो। साथै करदाताले नेपाल बैंक लि. बाट लिएको ऋण रकम मध्ये २०७१ आषाढ मसान्त सम्म रु.२,५०,००,०००/- बाँकी रहेको भनी नेपाल बैंक लि. बाट प्राप्त भएको Balance Confirmation जवाफबाट देखिएको भनी बैकको मिति २०७१।०७।२७ को पत्र साथै संलग्न गरी मिति २०७४।११।१४ मा ठुला करदाता कार्यालयमा स्पष्ट जवाफ पेश गरेको देखियो।

१४. ठूला करदाता कार्यालय ललितपुरबाट करदाताले अनुसूची-१४ अपलोड गर्न छुट भएकोले विवरण अद्यावधिक गरिदिनु भनी दिएको निवेदन ग्रहण गरी मिसिल संलग्न गरेको देखियो भने सो निवेदनको सम्बन्धमा कुनै कारबाही गरेको देखिएन। ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारणको निर्णय हुनु अगावै करदाताले नेपाल बैंक लिमिटेड पृथ्वीचोक शाखाबाट मिति २०७१/०७/२७ मा प्राप्त गरेको पत्रको प्रतिलिपि सहित २०७१ असार मसान्त सम्मको बाँकी ऋण रु.२,५०,००,०००/- रहेको स्पष्ट जवाफ पेश गरेकोमा समेत त्यसलाई जानकारीमा नलिई करदाताको उक्त ऋण दायित्त्व निसर्ग भएको भन्ने ठहर निर्णयमा पुगेको देखियो। आयकर ऐन, २०५८ को दफा ४० को उपदफा (२) मा "कुनै व्यक्ति कुनै दायित्त्वको भारबाट हटेमा निजले सो दायित्व निसर्ग गरेको मानिनेछ। दायित्वको निसर्गमा दायित्त्व, फछ्र्यौट, रद्द, मुक्त, समापन हुनु वा अर्को दायित्त्व वा सम्पतिमा गाभिनु जस्ता कार्य समेत समावेश गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा करदाताले आफ्नो ऋण दायित्त्व त्यसरी निसर्ग नभई कायमै रहेको सप्रमाण जवाफ दिंदादिदै पनि निसर्ग कै निष्कर्षमा पुगेको ठूला करदाता कार्यालयको निर्णय

गैरकानूनी रहेको जिकिर सहित करदाताले आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिएको पाईयो। उक्त निवेदनमा आफुले कुनै पनि विवरण जानाजानी झुट्टा वा भ्रमपूर्ण पेश नगरेको, upload गर्न छुट मात्र भएकोमा करदाताले आफुलाई आयकर ऐन, २०५८ को दफा १२० (क) र (ख) दुवैको शुल्क निर्धारण गर्नु समेत त्रुटीपूर्ण रहेको जिकिर समेत लिएको देखियो।

१५. प्रशासकीय पुनरावलोकनको निवेदन उपर निर्णय गर्ने क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट करदाताले दाबीको रकमको कुन आधारमा कसरी निसर्ग गरेको हो भन्ने सम्बन्धमा करदाताले पेश गरेको प्रमाणको खण्डन गरी कानूनी व्यवस्थाको विवेचना सहित न्यायोचित निष्कर्षमा पुगेको देखिएन भने निष्कर्षको अन्तिम प्याराग्राफमा आय विवरण तथा वित्तीय विवरण जानाजानी वा लापरबाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएको भनी ठहर गर्न सक्ने अवस्था नदेखिएको भन्ने निष्कर्ष समेत निकालेको देखियो। आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (७) (क) मा करदाताले दिएको प्रशासकीय पुनरावलोकनको निवेदनमा उल्लिखित कुराहरुलाई पूर्ण वा आंशिक रुपमा स्वीकार वा अस्वीकार गर्ने अधिकार विभागको महानिर्देशकलाई भएपनि त्यस्तो अर्धन्यायिक निर्णय गर्दा लिइएको प्रत्येक निर्णय कानुन सम्मत, न्यायिक मनको प्रयोग भएको तथा आधार र कारण खुलाईएको हुनुपर्दछ। विभागका महानिर्देशकको निर्णयमा आयकर ऐन, २०५८ को दफा ४० (२) को व्याख्यामा त्रुटी हुनुको साथै निर्णयमा कुनै विवेचना नगरी करदातालाई आयकर ऐन, २०५८ को दफा १२० (क) र (ख) दुवै खण्ड बमोजिम शुल्क निर्धारण गरेको शुरु निर्णयको सम्बन्धमा कुनै विवेचना र मूल्याङ्कन नै नगरी कुन-कुन विवरण के कसरी झुट्टा र भ्रमपूर्ण देखियो भन्ने सम्बन्धमा कुनै आधार खुलाएको पनि पाईएन। विभागको यस्तो निर्णयलाई न्ययोचित मान्न नमिलेकोले बदर गरी अब करदाताले पेश गरेको प्रमाण समेत हेरी करदाताको दायित्त्व निसर्ग भएको भन्ने कानुनी आधार रहे नरहेको ठहर निर्णय सहित करदाताको कुन-कुन विवरणको हकमा आयकर ऐन, २०५८ को १२० को खण्ड (क) वा (ख) आकर्षित हुने हो भन्ने सम्बन्धमा ठोस आधार र कारण सहित ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७४/११/१५ मा भएको संशोधित कर निर्धारण आदेश कायम रहने हो वा होईन भन्ने सम्बन्धमा पुन; निर्णय गर्नु भनि फाइल आन्तरिक राजस्व विभागमा पठाउन उपयुक्त हुने देखियो ।

१६. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाताले २०७१ साल आषाढ मसान्तसम्म ऋण रकम रु.२,५०,००,०००।— बाँकी रहेको भनी नेपाल बैक लिमिटेड बाट Balance Confirmation समेत संलग्न गरी उक्त ऋण दायित्व निःसर्ग नभई कायम रहेको, अनुसूची-१४ Upload गर्न छुट हुन गएको जिकिर लिएकोमा उक्त जिकिरलाई अमान्य गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट शुरु निर्णय सदर भएकोमा उक्त निर्णयको अन्तिम प्याराग्राफमा आय विवरण तथा वितीय विवरण जानाजानी वा लापरवाही

गरेको कारणले झुट्टा वा भ्रमपुर्ण हुन गएको भन्ने ठहर गर्न सक्ने अबस्था नदेखिएको भनी ठहर गरेको मिति २०७५।०४।२४ को निर्णय परस्पर विरोधाभाषपुर्ण भई त्रुट्टीपूर्ण देखिँदा उक्त निर्णय बदर गरिदिएको छ। अब प्रस्तुत मुद्दामा पुनःनिर्णय गर्नु भनी मिसिल आन्तरिक राजस्व विभागमा पठाई दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०४।२४ मा भएको निर्णय बदर भई पुनः निर्णयको लागि पठाउने ठहरेकोले तारिखमा रहेका करदातालाई विभागमा सम्पर्क राख्न जनाउ दिई यो फैसला सहित शुरु मिसिल र विभागबाट प्राप्त मिसिल समेत आन्तरिक राजस्व विभागमा पठाइदिनू।
२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

वासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- भिष्म भट्टराई
कम्प्यूटर अपरेटरः- चन्द्रबहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र ६ गते रोज २ शुभम् ----------------
फैसला प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप